नेपाल सरकार
राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर

सदस्य-सचिव

प.स.:
च.नं.:

# स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुको लागि शोधपत्र प्रस्ताव आवेदन सम्बन्धी सूचना

मिति : ...........................

गोरखापत्रमा प्रकाशित मितिः २०७९/१०/१९

यस समितिको आ.व. २०७९/८० को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत चुरे संरक्षण तथा व्यवस्थापन कार्यका लागि स्नातकोत्तर तह अन्तिम वर्ष/सेमेष्टरमा अध्ययनरत विद्यार्थिहरुलाई शोधपत्र (**Thesis Grant**) निम्ति सहयोग गर्ने कार्यक्रम रहेकोले राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको शोधपत्र अनुसन्धान सहयोग उपलब्ध गराउने सम्बन्धि **कार्यविधि,२०७९** (समितिको वेवसाइट **chureboard.gov.np** मा रहेको) अनुसार तपसिलका कागजात सहित यस समितिमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र आवेदन गर्नुहुन सूचित गरिन्छ ।

<u>तपसिल</u>

(क) अध्ययनरत शैक्षिक संस्थाको शोधपत्रको शिर्षक सहितको सिफारिस पत्र ।

(ख) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ग) स्नातक तह र अध्ययनरत स्नातकोत्तर तहको प्रथम वर्ष वा थेसिस तयार गर्ने वा प्रस्ताव छनौट गर्ने भन्दा पहिलेको (प्रथम/द्वितीय/तृतीय) सेमेस्टरको प्रमाणपत्रको छाँया कपि । द्वितीय वा तृतीय सेमेष्टरको प्रमाण पत्र प्राप्त नभैसकेको अवस्था भएमा प्रथम सेमेष्टर प्रमाणपत्रको छाँयाकपि ।

(घ) अपाङ्ग/दलित/आदीवासी जनजाती/मधेशीको हकमा प्रमाणित हुने सम्बन्धित निकायबाट जारी परिचयपत्र/ कागजातको छायाँकपि ।

(ङ) कार्यविधिको परिच्छेद-२ वमोजिमका शोधपत्रका विषयवस्तु समेटिएको अनुसूची-३ बमोजिमको शेधपत्र प्रस्तावको ढाँचा।

(च) आवेदनकर्ताले अनुसूची-२ मा तोकिएको आवेदन फाराम भरी सूचनामा उल्लेख भए अनुसारको ढाँचामा तयार पारिएको अनुसन्धान प्रस्तावको छाँयाकपि (हार्ड कपि दुइ प्रति र सफ्ट कपि) पेश गर्नु पर्नेछ।

विस्तृत जानकारीका लागि यस समितिको वेवसाइट (**chureboard.gov.np**) वा
फोन नं. ०१५५३१३११/५५२६७७७ मा सम्पर्क गर्नु होला ।

सम्पर्क व्यक्ति
भुपेन्द्र कुमार हुजदार (क.अ.)
९८४१४६१४४५
विनायक मानन्धर ( रेन्जर )
९८४१०५५५६५